## सोलुदुधकुण्ड नगरपालिकाको र संस्थागत साझेदारीमा
## असहाय बालबालिका संरक्षण गृह निर्माण तथा सञ्चालनका लागि इच्छुक संघ-संस्थाहरुलाई
## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित: २०७६ कार्तिक २२ गते)

असहाय बालबालिकाको संरक्षण तथा हित अभिबृद्दि गर्ने उद्देश्यले बालबालिकाको संरक्षण तथा जिविकोपार्जनमा स्थानिय सरकारको दायित्य अन्तरगत असहाय बालबालिका संरक्षण गृह निर्माण गरी सञ्चालन गर्न चालु आ.ब. २०७६/७७ मा असहाय वाल संरक्षणका लागि साझेदारीमा भवन निर्माण गर्ने र क्रमश: सञ्चालन गर्ने कार्यक्रम रहेकोले प्रस्तावनाका आधारमा सहकार्यका लागि इच्छुक संघ-संस्थाहरुले आशय प्रस्ताव (Letter of Intent) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव पेश गरिसक्नु पर्ने अन्तिम मिति:-** सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र।

**प्रस्तावले समावेश गर्नु पर्ने न्यूनतम विषयवस्तुहरु:-** संस्थाको परिचय, असहाय वाल संरक्षणका क्षेत्रमा गरेका कार्यहरु, भौतिक निर्माणमा संस्थाको तर्फबाट लगानी गर्न सक्ने रकम, भवन निर्माणका लागि संस्थाको नाममा भएको भौतिक सम्पत्ति ( जग्गा, भवन, सवारी साधन आदि) को विवरण, असहाय बालबालिका संरक्षण गृह निर्माण तथा आवश्यक पूर्वाधार तयार गरिसक्ने कार्ययोजना, संरक्षण गृहको सञ्चालनको दीगो व्यबस्थापनको अवधारणा र सञ्चालनका सोच एवं बजेटको सुनिश्चितता, बालबालिकाको सुरक्षा एवं बाल हक तथा यस सम्बन्धमा सरकारले ग्रहण गरेको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताको परिपालना सम्बन्धी दृष्टिकोण र संस्थासँग सम्बन्धित अन्य कागजातहरु।
थप जानकारी आवश्यक भएमा सोलुदुधकुण्ड नगरपालिकाको प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

6/21